**नेपाल राष्ट्र बैंक**

**प्रेस समाचार**

## गभर्नर पौडेल आईएमएफ-विश्व बैंक समूहको 'Spring Meeting 2026' मा सहभागी

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डीसीमा १३-१८ अप्रिल, २०२६ मा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक समूहको 'Spring Meeting 2026' मा सहभागी हुनुभयो।




उक्त बैठकमा आईएमएफ र समूहका सदस्य राष्ट्रका अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर र वित्त तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो । बैठकको क्रममा आयोजित IMFC Introductory Session तथा IMFC Plenary बैठकमा गभर्नर पौडेलले सहभागिता जनाउनुभयो।

बैठकका क्रममा उहाँले अन्तर्राष्ट्रिय मुद्रा कोषका उप-प्रबन्ध निर्देशक बो लीसँग भेटवार्ता गर्नुभयो। भेटका अवसरमा उहाँहरूबीच नेपालको आर्थिक तथा वित्तीय स्थिति र पछिल्लो समय पश्चिम एसियामा जारी युद्धका कारण नेपालको अर्थतन्त्रमा परेको असर लगायतका विषयमा छलफल भयो । सो अवसरमा उप-प्रबन्ध निर्देशक लीले मूल्य स्थिरता, विदेशी विनिमय सञ्चितिलगायतका परिसूचक सन्तोषजनक रहेको भन्दै नेपाल राष्ट्र बैंकको सरहाना गर्नुभयो । उहाँहरूबीच नेपालले कोषबाट लिएको विस्तारित कर्जा सुविधा अन्तर्गतका कार्यक्रमको प्रगति समीक्षा र भावी योजनाबारे छलफल भएको थियो। सो अवसरमा गभर्नर पौडेलले नेपाललाई गरेको सहयोगका निम्ति कोषलाई धन्यवाद दिनुभयो । भेटका अवसरमा अर्थ मन्त्रालयका अधिकारीहरूको समेत सहभागिता थियो।

बैठकका क्रममा गभर्नर पौडेलले कोषको Asia and Pacific Department (APD) का निर्देशक कृष्ण श्रीनिवासन, नेपालका लागि मिसन प्रमुख सरवत जहान र Monetary and Capital Market Department (MCM) का पदाधिकारीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभयो । त्यस क्रममा उहाँहरुबीच विस्तारित कर्जा सुविधा कार्यक्रमको समीक्षा भई आगामी दिनमा कोषबाट उपलब्ध हुने प्राविधिक सहयोगका सम्बन्धमा छलफल भएको थियो।

साथै, गभर्नर पौडेलले South East Asia Voting Group (SEAVG) का कार्यकारी निर्देशक इदवान सुहार्दी विन हकिमसँग भेटवार्ता गर्नुभयो । भेटका क्रममा उहाँहरूबीच नेपालको वित्तीय क्षेत्रको सबलीकरणका निम्ति कोषबाट उपलब्ध हुन सक्ने प्राविधिक सहयोग र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)का विषयमा समेत छलफल भएको थियो।



बैठकका क्रममा गभर्नर पौडेलले Asia/Pacific Group on Money Laundering (APG) का अधिकारी डेभिड शाननसँग पनि भेटवार्ता गर्नुभयो । सो अवसरमा उहाँहरुबीच नेपालमा सम्पत्ति शुद्धीकरण निवारणको विद्यमान अवस्था र ‘ग्रे लिस्ट’बाट बाहिर निस्कनका निम्ति भइरहेका प्रयासबारे छलफल भएको थियो ।

साथै, गभर्नर पौडेलले मलेसियाको केन्द्रीय बैंकका गभर्नर अब्दुल रसिद गाफरसँग भेटवार्ता गर्नुभयो । उहाँहरुबीच एआई र बिग डाटा प्रयोगको सन्दर्भमा छलफल भयो । सो अवसरमा गभर्नर पौडेलले राष्ट्र बैंकको ‘तथ्याङ्क महाशाखा’ लाई एआई र बिग डाटा उपयोगमा केन्द्रित गरिएको सन्दर्भ उल्लेख गर्दै यस विषयमा मलेसियाको अनुभवबारे चासो राख्नुभयो । यस क्रममा गभर्नर गाफरले बिग डाटा उपयोगका सन्दर्भमा राष्ट्र बैंकलाई सहयोग गर्न मलेसियाको केन्द्रीय बैंक तयार रहेको धारणा राख्नुभयो । बैठककै क्रममा गभर्नर पौडेलले अन्तर्राष्ट्रिय वित्त निगम र निजी क्षेत्रका विभिन्न संस्थाका प्रतिनिधिसँग पनि भेटवार्ता गर्नुभयो ।

बैठकका दौरान गभर्नर पौडेलले Nepalese American Chamber of Commerce द्वारा डलास, टेक्ससमा अप्रिल १८ मा आयोजित 'USA - Nepal Growth, Capital and Innovation Dialogue' तथा अप्रिल १९ मा Massachusetts Institute of Technology र Harvard University स्थित Nepali Students’ Association (MITeri) द्वारा बोस्टनमा आयोजित 'Fireside Chat' विषयक कार्यक्रममा प्रमुख वक्ताको रूपमा सहभागी भई नेपालको आर्थिक तथा वित्तीय स्थिति, लगानीको सम्भावना र एआई लगायतका प्रविधिको उपयोगबारे धारणा राख्नुभयो । साथै, गभर्नर पौडेल विश्व बैंक समूहद्वारा अप्रिल २० र २१ मा वासिङ्टन डीसीमा आयोजित 'Executive Forum' कार्यक्रममा सहभागिता जनाउनुभयो । सो कार्यक्रममा Harvard University का प्राध्यापक केनेथ रोगोफ प्रमुख वक्ताको रूपमा रहनुभएको थियो ।




बैठकमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेल र गभर्नरको कार्यालयका निर्देशक शरणकुमार अधिकारीको समेत सहभागिता थियो । हाल विश्व बैंक समूहमा १८९ र अन्तर्राष्ट्रिय मुद्रा कोषमा १९१ राष्ट्रहरू आबद्ध छन् ।